# नवकान्तिपुर बचत तथा ऋण सहकारी संस्था लिमिटेड
## बत्तिसपुतली, काठमाण्डौ

# शिक्षा उपसमिति कार्यबिधि-२०८१

# नवकान्तिपुर बचत तथा ऋण सहकारी संस्था लिमिटेड
# बत्तिसपुतली, काठमाण्डौ

## शिक्षा उपसमिति कार्यविधी-२०८१

१. **प्रस्तावना** : संस्थामा आबद्ध सदस्यहरु, सञ्चालक समिति, लेखासुपरिवेक्षण समिति, ऋण उपसमिति एवं कर्मचारीहरुलाई सहकारीका सिद्धान्त, मूल्य मान्यता र अभ्यासहरुको विषयमा प्रशिक्षित गर्दै लैजान र सदस्यहरुबीच एकता र सहकार्यको भावना अभिवृद्धि गरि संस्थागत क्रियाकलाप तथा निर्णय प्रक्रियामा प्रभावकारी भूमिका खेल्न सक्ने बनाउँनको लागि आवश्यक तालिम प्रदान गर्न र विस्तारित मञ्च तथा सदस्य अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्न संस्थाको विनियम २०७६ को दफा ८० बमोजिम यो शिक्षा उपसमिति कार्यविधि २०८१ तर्जुमा गरिएको छः

२. **संक्षिप्त नाम र प्रारम्भ :-**

(क) यो कार्यविधिको नाम नवकान्तिपुर बचत तथा ऋण सहकारी संस्था लिमिटेडको शिक्षा उपसमिति कार्यविधि २०८१ रहनेछ ।

(ख) यो कार्यविधि संस्थाको साधारण सभा बाट पारित भएको मितिदेखि लागू हुनेछ ।

३. **परिभाषा :-** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधीमाः

(क) 'संस्था' भन्नाले नवकान्तिपुर बचत तथा ऋण सहकारी संस्था लिमिटेडलाई जनाउनेछ ।

(ख) 'ऐन' भन्नाले सहकारी ऐन २०७४ लाई सम्झनुपर्दछ । यो शब्दले प्रदेश सहकारी ऐन र स्थानीय तहको सहकारी ऐन समेतलाई जनाउनेछ ।

(ग) 'नियमावली' भन्नाले सहकारी नियमावली २०७५ लाई सम्झनुपर्दछ । यो शब्दले प्रदेश सहकारी नियमावली र स्थानीय तहको सहकारी नियमावली समेतलाई जनाउनेछ ।

(घ) 'विनियम' भन्नाले संस्थाको विनियम २०७६ लाई जनाउनेछ ।

(ङ) 'रजिस्ट्रार' भन्नाले सहकारी विभागका रजिस्ट्रार वा निजबाट अधिकार प्राप्त अधिकारीलाई सम्झनुपर्दछ । यो शब्दले नियमनकारी निकायको सहकारी हेर्ने प्रमुखलाई समेत जनाउनेछ।

(च) मापदण्ड' भन्नाले संघीय सहकारी विभाग, प्रदेश सहकारी विभाग तथा राष्ट्रिय सहकारी नियमन प्राधिकरणले समेत जारी गरेको मापदण्डलाई जनाउँदछ ।

(छ) 'कार्यविधी' भन्नाले संस्थाको शिक्षा उपसमिति कार्यविधि २०८१ लाई जनाउनेछ ।

(ज) 'सञ्चालक समिति' भन्नाले संस्थाको विनियम बमोजिम गठन भएको सञ्चालक समिति लाई जनाउनेछ ।

(झ) 'लेखा सुपरिवेक्षण समिति' भन्नाले संस्थाको विनियम बमोजिम गठन भएको लेखा सुपरिवेक्षण समितिलाई जनाउनेछ ।

(ञ) 'व्यवस्थापन समिति' भन्नाले संस्थाको संचालक समितिले गठन गरेको व्यवस्थापन समितिलाई जनाउनेछ ।

(ट) 'उपसमिति' भन्नाले संस्थाको विनियम बमोजिम सञ्चालक समितिबाट यस कार्यविधीमा उल्लेखित कार्य सञ्चालन गर्न गठन भएको शिक्षा उपसमितिलाई जनाउँछ ।

(ठ) 'सदस्य' भन्नाले संस्थाको शेयर सदस्यलाई जनाउँदछ ।

(ड) 'कर्मचारी' भन्नाले संस्थामा स्थायी, अस्थायी तथा करार सेवामा कार्यरत कर्मचारीहरुलाई जनाउँदछ ।

**४. शिक्षा उपसमितिको गठन :**

(क) संस्थाको सञ्चालक समितिले शेयर सदस्यहरु मध्येबाट तीन सदस्य रहेको एक शिक्षा उपसमिति गठन गर्नेछ ।

(ख) उपसमिति सदस्यहरु मध्येबाट जेष्ठ सदस्यले उपसमितिको संयोजकको जिम्मेवारी बहन गर्नेछ ।

**५. उपसमितिको कार्य :**

शिक्षा उपसमितिको कार्य देहायबमोजिम हुनेछः

(१) संस्थाका सदस्यहरु, सञ्चालक, व्यवस्थापक, लेखा सुपरीवेक्षण समिति, ऋण उपसमिति र कर्मचारी लगायत संस्थासँग सम्बन्धित अन्य पदाधिकारीहरूलाई सहकारीताको ज्ञान सीप र धारणाको विकासका लागि शैक्षिक तथा अन्य प्रशिक्षण कार्यक्रम गर्ने ।

(२) संस्थाका सदस्यहरुलाई संस्थाको अद्यावधिक प्रतिवेदनहरुको जानकारी प्रदान गर्न विस्तारित मञ्च, अन्तरक्रिया, अनुशिक्षण कार्यशाला वा त्यस्तै अन्य शिक्षामूलक नेतृत्व विकास तालिम कार्यक्रमहरु सञ्चालन गर्ने ।

(३) संस्थामा आवश्यकताअनुसार सञ्चालक तथा कर्मचारीको क्षमता विकास तालिम सञ्चालन गर्ने ।

(४) सहकारी शिक्षा सम्बन्धी पाठ्यक्रम तय गर्ने र कार्यक्रमको बार्षिक योजना तयार गरि सञ्चालक समिति समक्ष पेश गर्ने ।

(५) संस्थाको संचालक तथा कर्मचारीहरुलाई विभिन्न राष्ट्रिय र अन्तर्राष्ट्रिय तालिमहरुमा सहभागी गराउन पहल गर्ने ।

**६. शिक्षा कार्यक्रमको लागि खर्चको व्यवस्था :**

सहकारी शिक्षा कार्यक्रमलाई व्यवस्थित समयानुकूल र भरपर्दो बनाउन संस्थाको लेखा परीक्षण पश्चात् छुट्याइएको सहकारी शिक्षा कोष मार्फत खर्चको व्यवस्था गरिनेछ ।

**७. कार्यक्रम सञ्चालन गर्न सक्ने:**

शिक्षा उपसमितिले संस्थाका सेयर सदस्य, संचालक, लेखा सुपरिवेक्षण समिति, उप समिति व्यवस्थापक र कर्मचारीहरुका लागि निम्नअनुसारका शिक्षा कार्यक्रम सञ्चालन गर्नेछ:

(क) सदस्यहरूका लागि आवश्यकता अनुसारको क्षेत्र निर्धारण गरी बढीमा ३०० जनाको उपस्थिति हुनेगरी उपसमितिले निर्धारण गरे अनुसारको पाठ्यक्रम अनुरूप सदस्यहरूको लागि सहकारी नियामक निकायका अधिकारी प्रशिक्षक वा विज्ञ मार्फत एक दिने वा आवश्यकता अनुसारको प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने ।

(ख) सञ्चालक, लेखा सुपरिवेक्षण समिति, उपसमिति, व्यवस्थापक र कर्मचारीहरूको हकमा तालिमको अवधि प्रशिक्षार्थीको संख्या तालिममा सहभागीको संख्याका अतिरिक्त सैद्धान्तिक व्यावहारिक र सीप विकास अनुकूलको पाठ्यक्रम बनाई सहकारीसँग सम्बन्धित निकाय का अधिकारी सहकारी प्रशिक्षक, प्रबुद्ध विज्ञ मार्फत एक आर्थिक वर्षमा कम्तिमा दुई पटक नेतृत्व क्षमता विकास तालिम सञ्चालन गर्ने ।

(ग) संचालक तथा व्यवस्थापन समितिको समन्वयमा एक आर्थिक वर्षमा कम्तिमा दुई पटक समिक्षा बैठकहरुको आयोजना गर्ने ।

**८. शिक्षा उपसमितिका सदस्यहरूको पारिश्रमिक र भत्ता:**

शिक्षा उपसमितिको संयोजक तथा सदस्यहरूको भत्ता व्यवस्थापन समितिको सिफारिसमा सञ्चालक समितिले निर्धारण गर्नेछ ।

**९. शिक्षा उपसमितिको बैठक :**

शिक्षा उपसमितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

**१०. विज्ञ प्रशिक्षकहरूको भत्ता :**

सहकारी शिक्षा कार्यक्रम र नेतृत्व क्षमता विकास तालिममा आउने प्रशिक्षक वा विज्ञहरूको भत्ताको निर्धारण व्यवस्थापन समितिको सिफारिसमा सञ्चालक समितिले गर्नेछ ।

**११. पुरस्कृत गरिने :**

संस्थाको कार्यविधिभित्र रही संस्थामा योगदान पुर्याउने सदस्यहरूलाई प्रत्येक वर्ष शिक्षा उपसमितिको सिफारिसमा सञ्चालक समितिले साधारण सभा, वार्षिकोत्सव वा विस्तारित मञ्च तथा सदस्य अन्तरक्रिया कार्यक्रममा पुरस्कार प्रदान गर्न सक्नेछ तर सञ्चालक समितिका सदस्यहरु, लेखा सुपरिवेक्षण समिति, विभिन्न उपसमिति तथा कर्मचारीहरुलाई यस्ता पुरस्कार प्रदान गरिने छैन ।

**१२. व्यवस्थापन समितिले कार्य गर्नसक्ने :**

शिक्षा उपसमितिको गठन हुन नसकेमा यस कार्यविधी बमोजिमको कार्य संस्थाको व्यवस्थापन समितिले गर्न सक्नेछ ।

**१३. व्याख्या :**

यस कार्यविधिको व्याख्या गर्ने अधिकार सञ्चालक समितिलाई निहित हुनेछ ।

**१४. संशोधन खारेज तथा थपः**

यस कार्यविधिको संशोधन गर्न, खारेज गर्न तथा थप गर्ने अधिकार संस्थाको साधारण सभालाई रहनेछ ।

**१५. खारेजी तथा बचाउः**

यस कार्यविधि जारी हुनुभन्दा अगाडि गरिएका सम्पूर्ण कार्यहरू यसै कार्यविधि अनुसार भएको मानिनेछ ।

**समाप्त ।**

**मिति २०८२ पौष १२ गते सम्पन्न संस्थाको २८औं वार्षिक साधारण सभाबाट पारित**